# मण्डन देउपुर नगरपालिका

**नगर कार्यपालिकाको कार्यालय**

**महादेबस्थान**

***ईन्द्रावती नदीको ढुंगा गिट्टी बालुवाको संकलन तथा बिक्रि कर तथा पर्यटन प्रवेश शुल्क उठाउने सम्बन्धि शिलवन्दी बोलपत्र आव्हानको सूचना***

*तृतीय पटक सूचना प्रकाशित मिति २०७५।०५।१२ (संकलन तथा बिक्री करको हकमा)*

*द्वितीय पटक प्रकाशित मिति २०७५।५।१२ (पर्यटन प्रवेश शुल्कको हकमा)*

स्थानिय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ को उपदफा २ (घ) १ र (घ) ६ बमोजिम यस मण्डन देउपुर नगरपालिकबाट आ.ब. २०७५।७६ (२०७५ श्रावण १ गतेदेखि २०७६ आषाढ मसान्तसम्म) को लागि देहाय बमोजिमको आन्तरिक आय सम्बन्धी ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले प्रदेश सभाबाट पारित दररेट बमोजिम स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन (IEE) मा उल्लेखित क्षेत्रहरुबाट स्वीकृत पीरमाणभन्दा बढी उत्खनन नहुने गरी रोडा, ढुंगा, बालुवा, ग्राभेल र माटो संकलन तथा बिक्री कर तथा तेस्रो नगरसभाबाट स्वीकृत दररेटमा नगरकोट क्षेत्रमा पर्यटन प्रवेश शुल्क संकलनको ठेक्का लिन ईच्छुक ब्यक्ति, फर्म वा कम्पनीहरुवाट तोकिएको न्यूनतम अंकमा नघट्ने गरी निम्नानुसारको विषय क्षेत्र भित्र शिलबन्दि बोलपत्र खरीद गरि पेश गर्न यो सुचना प्रकाशित गरिएको छ । रित नपुगी या म्याद नाघी प्राप्त हुन आएका शिलवन्दी बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।

**ठेक्का सम्बन्धी बिबरण :-**

| क्र. सं | आन्तरिक आय ठेक्का संकेत | ठेक्का को विषय क्षेत्र | आ.व.२०७५/७६ का लागि कायम न्यूनतम अंक (मू.अ.कर बाहेक) | संकलन/उत्खनन् गर्न पाउने अधिकतम परिमाण (वार्षिक) | वोलपत्र फाराम दस्तुर | धरौटी/जमा नत रकम | दररेट |
|---|---|---|---|---|---|---|---|
| १. | १/IR/०७५/७६ | यस काभ्रेपलाञ्चोक जिल्ला मण्डन देउपुर नगरपालिकाको क्षेत्राधिकार भित्रको ईन्द्रावती नदी अन्य स्थानबाट रोडा, ढुंगा, वालुवा, ग्राभेल संकलन तथा बिक्री (IEE मा उल्लेखित ५ वटा क्षेत्रहरुबाट उत्खनन्/संकलन गर्ने) कर | ७,०६,००,०००।०० (सात करोड छ लाख मात्र) | ७८४२७४४ क्यू.फिट | ५,०००।- | मु.अ.कर सहित कबोल अंकको ५ प्रतिशत | बालुवा, गिट्टी, ढुङ्गा, स्लेट प्रति क्यू फिट संकलन मुल्य मु.अ.कर बाहेक रु. ३।०० (तीन रुपैयां मात्र) र बालुवा, गिट्टी, ढुङ्गा, स्लेट प्रति क्यू फिट बिक्री मुल्य मु.अ.कर बाहेक रु. ६।०० (छ रुपैयां मात्र)<br>माटो प्रति क्यू फिट संकलन मुल्य मु.अ.कर बाहेक रु. ०।५० (पचास पैसा मात्र) र माटो प्रति क्यू फिट बिक्री मुल्य मु.अ.कर बाहेक रु. २।०० (दुई रुपैयां मात्र) |
| २. | ५-०७५/०७६ | मण्डनदेउपुर नगरपालिका भित्र नगरकोट क्षेत्रमा काभ्रेचोक, भ्यूटावर चोक र कात्तिके क्षेत्रबाट प्रवेश गर्ने विदेशी पर्यटकहरु संग संकलन गर्ने पर्यटक प्रवेश शुल्क | रु १,००,००,००० ।- (एक करोड) ( मू.अ.क. र सेवा शुल्क बाहेक) | - | ५,०००।- | मु.अ.कर सहित कबोल अंकको ५ प्रतिशत | सार्क राष्ट्र बाहेकका विदेशी प्रति पर्यटक ने.रु. ३०० ।- (तीन सय) (मूल्य अभिवृद्धि कर बाहेक)<br>नेपाल बाहेकका सार्क राष्ट्र भित्रका पर्यटकहरुसंग ने.रु. २०० ।- (दुई सय) (मू.अ.क. बाहेक) |

**ठेक्का सम्बन्धि शर्तहरु :**

१ माथि उल्लेखित ठेक्काहरुको लागी प्रत्येक बिषयको छुट्टाछुट्टै वोलपत्र फाराम खरिद गरी छुट्टाछुट्टै भरी पेश गर्नु पर्नेछ ।

२ बोलपत्र फाराम खरिद गर्दा ब्यक्तिको हकमा नेपाली नागरीक भए नेपाली नागरीकताको प्रमाणपत्रको प्रतिलीपी, प्यान दार्ता र फर्मको हकमा अद्यावधिक फर्म नबिकरण प्रमाणपत्रको प्रतिलीपी, आ.व. २०७३/७४ को करचुक्ता प्रमाणपत्रको प्रतिलीपी साथै लिखित निवेदन र मू.अ.कर दर्ता प्रमाणपत्रको प्रतिलीपी संलग्न गरी यो सूचना प्रकाशित भएको मितिले १५ औं दिन (मिति २०७५।५।२६ गते) को कार्यालय समय भित्र मण्डन देउपुर नगर कार्यपालिकाको कार्यालयको राजस्व शाखाबाट खरिद गर्न सकिनेछ ।

३ खरिद गरिएका बोलपत्र फाराम रितपूर्वक भरी सूचना प्रकाशित भएको मितिले १६ (सोह्रौं) औं दिनको अर्थात मिति २०७५।५।२७ गते दिनको १२:०० बजे भित्र यस कार्यालयमा दाखिला गर्न सकिनेछ । दाखिला बोलपत्रहरु सोही दिनको २:०० बजे यस कार्यालयमा उपस्थित बोलपत्रदाताहरु वा निजको अधिकार प्राप्त प्रतिनिधिहरु र कार्यालय प्रतिनिधिहरुको रोहबरमा खोलिने छ । बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएता पनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन ।

४ बोलपत्र पेश गर्दा आफुले कवोल गरेको मु.अ.कर सहितको रकमको ५% ले हुन आउने धरौटी रकम यस कार्यालयको **जनता बैंक, कुन्ताबेसी शाखामा** रहेको धरौटी हिसाब नं. *०६२००१०४१६८७४०४* खातामा जम्मा गरेको सक्कलै बैंक भौचर वा बोलपत्र दर्ता गर्ने अन्तिम मितिबाट कम्तिमा १२० (एक सय बीस) दिन म्याद भएको नेपाल सरकारबाट मान्यता प्राप्त वाणिज्य बैंकबाट यस कार्यालयको नाममा जारी भएको सक्कल बैंक जमानी-पत्र (**Bank Bid Bond**) अनिवार्य रुपले शिलबन्दी बोलपत्र साथ पेश गर्नु पर्नेछ ।

५ बोलपत्र भर्दा आफुले कवोल गरेको रकम अंक र अक्षरमा स्पष्ट लेखी पेश गर्नु पर्नेछ । अंक र अक्षरमा लेखिएको रकम फरक परेमा अक्षरमा लेखिएको रकमलाई मान्यता दिइनेछ ।

६ बोलपत्र स्वीकृत सम्बन्धि जानकारी प्राप्त भएको मितिले ७ (सात) दिन भित्र कवोल अंकको २५% रकम (मु.अ.कर लाग्ने ठेक्काको हकमा मु.अ.कर समेत) नगदै तथा बाँकी रकमको हकमा यस कार्यालयको पक्षमा नेपाल सरकारबाट मान्यता प्राप्त वाणिज्य बैंकबाट जारी भएको बाकी रकमका मु.अ.कर वापतको रकम समेतको कार्यसम्पादन जमानीपत्र सहित संझौता गर्न आउनु पर्नेछ ।

७ ठेकेदारले संझौतामा तोकीएको विषय क्षेत्रमा तोकीएको दर रेटमा मात्र कर तथा सेवा शुल्क असुल गर्न पाउनेछ । कर तथा सेवा शुल्कको दररेट बोलपत्र फारामसाथ उपलब्ध गराईनेछ ।

८ ठेकेदार र कार्यालय बिचमा ठेक्का सम्वन्धी कुनै किसिमको झै-झमेला पर्न आएमा सो को समाधान गर्न मण्डन देउपुर नगर कार्यपालिकाले निर्णय गर्नेछ ।

९ सेवा शुल्क तथा कर उठाउने सम्पुर्ण दायीत्व ठेकेदारको हुनेछ । त्यसमा कार्यालयले कुनै जिम्मेवारी वहन गर्ने छैन साथै प्रचलित कानुन वमोजीम तिुर्नपर्ने सम्पुर्ण करहरु ठेकेदार स्वंयले वुझाउनु पर्नेछ ।

१० रोडा, ढुंगा, वालूवा, ग्राभेल, माटो बिक्री ठेक्कामा रोडा, ढुंगा, वालूवा, ग्राभेल, माटो निकाल्दा व्यक्तिगत जग्गा क्षति हुने गरि निकाल्न पाईने छैन साथै खोला/नदीमा पर्ने पुलको तल माथि कम्तिमा ५०० मिटर छोडेर IEE प्रतिवेदनमा तोकिएको स्थानहरुबाट मात्र रोडा, ढुंगा, वालुवा, ग्राभेल निकाल्नु पर्नेछ । साथै पर्यटन शुल्क नगरकोट क्षेत्रका काभ्रेचोक, भ्यूटावर चोक र कात्तिके क्षेत्रमा प्रवेश गर्ने विदेशी पर्यटकहरु संग मात्र संकलन गरिने छ ।

११ बिक्री ठेक्काको हकमा खोला एवं नदीबाट आषाढ, श्रावण र भाद्र (३ महिना) नदीजन्य पदार्थहरु उत्खनन् गर्न पाइने छैन ।

१२ ठेक्कामा मालसामानको परिमाण एकिन भएको र परिमाण अनुसार ठेक्का आव्हान गरिएकोले आवश्यक प्रकृया पुरा गरी उक्त परिमाण सो भन्दा कम अवधिमा पनि बिक्री निकासी गर्न सकिनेछ । साथै परिमाणका आधारमा ठेक्का सम्झौता हुने भएकोले बन्द आदीको कारण केहि दिन काम सुचारु नभएको अवस्थामा कुनै पनि किसिमको क्षतिपूर्ति दाबी गर्न पाइनेछैन । IEE प्रतिवेदनमा उल्लेख भएको अवधिमा नदी/खोलाबाट सामाग्री संकलन/उत्खनन् गर्न पाईने छैन तर विभिन्न स्थानमा थुपारी राखेको सामाग्री बिक्री/निकासी गर्न बाधा पर्ने छैन ।

१३ जिल्ला अनुगमन तथा नगरपालिका र सम्बन्धित सरकारी निकायहरुले अनुगमन गर्दा कानून र मापदण्ड बमोजिम नपाईएमा प्रचलित कानून बमोजिम कार्यवाही हुनेछ ।

१४ जुन आर्थिक वर्षका लागि ठेक्का सम्झौता भएको हो सोही आर्थिक वर्ष भित्र उक्त ठेकेदारले संकलन गरेका ढुंगा, गिट्टी, बालुवा, ग्राभेल, माटो सो क्षेत्रबाट उठाईसक्नु पर्नेछ ।

१५ भू-क्षय तथा नदी प्रवाहको दिशा परीवर्तन हुने गरी ढुंगा, गिट्टी, बालुवा, ग्राभेल, माटो संकलन तथा उत्खनन गर्न पाईने छैन ।

१६ IEE प्रतिवेदनमा उल्लेखित स्थानहरुबाट मात्र नदीजन्य सामाग्रीहरु उत्खनन गर्नुपर्नेछ साथै IEE प्रतिवेदनमा स्वीकृत भएको हकमा स्वीकृत अवधि र हदसम्म मेशिन प्रयोग गरी नदीजन्य सामाग्रीहरु उत्खनन् गर्न बाधा पर्नेछैन ।

१७ पानीले पखालेको चिसो बालुवा पानी चुहाउदै कालोपत्रे सडकमा ढुवानी गर्न गराउन पाईने छैन । साथै ढुंगा, गिट्टी, बालुवा, ग्राभेल लैजाँदा covering (छोपी) गरेर मात्र ढुवानी गर्नु गराउनु पर्नेछ । साथै बालुवा धुंदा निस्कीएको धमिलो पानी सिधै नदीमा मिसाउन पाईने छैन ।

१८ कुनै किमिको परिस्थिति देखाई ठेक्का रकम छुट/मिनाहा सम्बन्धी कुनै माग कार्यालयलाई स्वीकार्य हुनेछैन ।

१९ प्राप्त बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ ।

२० यसमा उल्लेख नभएका अन्य कुराहरु प्रचलीत कानून बमोजिम हुनेछन् ।

**पुनश्च:** मिति २०७५।४।१ गते प्रथम पटक प्रकाशित पर्यटन प्रवेश शुल्क सम्वन्धी बोलपत्र आव्वहानको सूचना बमोजिम प्राप्त कुनै पनि बोलपत्र सारभुत रुपमा प्रभावग्राही नदेखिएकोले यस नगरपालिकाको मिति २०७५।५।११ गतेको नगर कार्यपालिकाको निर्णय बमोजिम रद्द गरिएको व्यहोरा सम्वन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।